## • वस्तुगत प्रश्नोत्तर

**१. लोकसेवा आयोग विधेयक प्रतिनिधिसभाबाट कहिले पारित भएको हो ?**
✍ विक्रम संवत् २०७७ असार ९
- २०७५ पुस २४ गते विधेयक प्रतिनिधिसभामा दर्ता भएको थियो ।
- पारित विधेयकअनुसार आयोगले कानुनी रूपमा अब सङ्गठित संस्था, सुरक्षा निकाय र अन्य संस्थाको समेत पदपूर्तिको परीक्षा सञ्चालन गर्नेछ ।
- यस्तै, आयोगले ती निकायको पाठ्यक्रम पनि तयार पार्नेछ । सोही पाठ्यक्रमअनुसार नै लिखित परीक्षा सञ्चालन, आयोगले तोकेको कार्यविधिअनुसार नतिजा प्रकाशनलगायतका काम अगाडि बढ्नेछन् ।
- विधेयकअनुसार अब लोकसेवाले विश्वविद्यालय र शिक्षक सेवा आयोगबाहेकका ५० प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व रहेको संस्थान, कम्पनी, बैङ्क, समितिको पदपूर्तिका पाठ्यक्रम निर्धारण र परीक्षा सञ्चालन गर्नेछ ।
- यसैगरी, सङ्घीय कानुनबमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र अन्य सङ्गठित संस्थाको पनि पदपूर्तिलगायतका काम गर्नेछ ।
- त्यस्तै, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागको पनि पाठ्यक्रम निर्धारण तथा परीक्षा सञ्चालन गर्नेछ ।
- विधेयक पारित भएसँगै प्रदेशमा गठित लोकसेवा आयोग पनि क्रियाशील हुनेछन् ।

**२. केन्द्रीय तथ्याङ्क विभागको जनसङ्ख्या घडीअनुसार २०७७ असार १२ मा नेपालको जनसङ्ख्या कति पुगेको छ ?**
✍ तीन करोड ६३४
- ११औँ राष्ट्रिय जनगणना, २०६८ को वृद्धिदरमा आधारित पूर्वानुमान अनुसार २०७७ असार १२ मा नेपालको जनसङ्ख्या तीन करोड नाघेको ।
- राष्ट्रिय जनगणना २०६८ को जन्मदर, मृत्युदर र बसाइँ–सराइ दरका आधारमा जनसङ्ख्या पूर्वानुमान गरिएको ।

**३. सन् २०२० जुनमा सुरक्षा परिषद्को अस्थायी सदस्यमा निर्वाचित हुन सफल राष्ट्र कुन–कुन हुन् ?**
✍ भारत, आयरल्यान्ड, मेक्सिको र नर्वे
- ती राष्ट्रहरू सन् २०२१–२०२२ को कार्यकालका लागि राष्ट्रसङ्घ महासभाबाट चयन भएका ।
- एक सय ९३ सदस्यीय महासभामा १८४ राष्ट्रले मतदान गरेका थिए ।
- राष्ट्रसङ्घ सुरक्षा परिषदमा स्थायी पाँच र अस्थायी १० गरी कुल १५ सदस्य हुन्छन् ।
- पाँच मुलुकहरू अमेरिका, बेलायत, फ्रान्स, चीन र रूस सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्र हुन् भने बाँकी १० अस्थायी सदस्यहरू निर्वाचनबाट छनोट हुने व्यवस्था छ ।

**४. विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा विश्व प्रतिजैविक सचेतना सप्ताह कहिलेदेखि मनाउन थालिएको हो ?**
✍ सन् २०१५
- हरेक वर्ष नोभेम्बर महिनामा एक साताभरि प्रतिजैविक सचेतना सप्ताह मनाइँदै आएकोमा सन् २०१९ मा पनि नोभेम्बर १८–२४ सम्म विभिन्न कार्यक्रमहरू गरी सचेतना सप्ताह मनाइएको ।
- जीवाणुहरूले यसरी प्रतिजैविक औषधिहरूविरुद्ध प्रतिरोध विकास गर्नमा चिकित्सक र पशु चिकित्सकहरूको सिफारिसविना मानिस र पशुपक्षीहरूमा आवश्यकताभन्दा बढी प्रतिजैविक औषधिहरूको प्रयोग, चाहिनेभन्दा कम वा बढी मात्रामा प्रयोग, अस्पतालहरूमा सङ्क्रमण रोकथामसम्बन्धी अपर्याप्त व्यवस्थापन, अस्पतालहरूबाट उत्पादन हुने फोहोरहरूको उचित व्यवस्थापन नहुनु र पछिल्लो ३० वर्षयता कुनै पनि नयाँ समूहका प्रभावकारी प्रतिजैविक औषधिहरू आविष्कार हुन नसक्नु आदि मुख्य कारण रहेका ।
- हाल विश्वभर प्रतिजैविक औषधिहरूले काम नगरेका कारण बर्सेनि सात लाख मानिसको मृत्यु भइरहेको र यदि नियन्त्रणका लागि ठोस कदमहरू नचाल्ने हो भने यो सङ्ख्या बढेर सन् २०५० सम्ममा बर्सेनि एक करोड पुग्ने अनुमान विश्व स्वास्थ्य सङ्गठनले गरेको ।

**५. नेपाली पोर्टको शुभारम्भ कहिले भएको हो ?**
✍ विसं २०७६ माघ १३
- अध्यागमन सुरक्षा प्रणालीलाई व्यवस्थित गर्नका लागि तयार पारिएको सफ्टवेयरलाई नेपाली पोर्ट भनी चिनिने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित १३ अध्यागमन कार्यालयहरूमा यो सफ्टवेयर जडान गरिएको ।

**६. एसिया सोसाइटीद्वारा प्रदान गरिएको 'एसिया गेम चेन्जर अफ दी इयर'को उपाधिबाट कसलाई सम्मान गरियो ?**
✍ मीरा राई

**७. प्रदेश १ सरकारले कुन स्थानमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने भएको छ ?**
✍ माईजोगमाई गाउँपालिका–२, इलाम

**८. अन्तर्राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ?**
✍ जुन २१
- सन् २०१५ बाट संयुक्त राष्ट्रसङ्घले जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाउन सुरु गरेको ।
- नेपालमा माघ १ गतेलाई राष्ट्रिय योग दिवसका रूपमा मनाउन थालिएको ।

**९. समाजसेवी तथा शिक्षाविद् अङ्गुरबाबा जोशीको निधन कहिले भएको हो ?**
✍ विसं २०७७ असार ६

**१०. 'एक वडा एक व्यायामशाला' निर्माणको योजना अघि बढाउने स्थानीय तह कुन हो ?**
✍ टोखा नगरपालिका

**११. संयुक्त राष्ट्रसङ्घद्वारा नीलो आकाशका लागि सफा हावा दिवस कहिले मनाउने गरिन्छ ?**
✍ सेप्टेम्बर ७ (यो दिवस सन् २०२० देखि मनाउने निर्णय भएको ।)

**१२. 'पुतली घर' नामक कृतिका लेखक घनश्याम खड्का हुन् भने 'सयौँ पुतली' नामक कृतिका लेखक को हुन् ?**
✍ उमा सुवेदी

**१३. नेपालसँग दोहोरो करमुक्ति सम्झौता भएका राष्ट्रहरू कति छन् ?**
✍ ११
- १. भारत २. चीन ३. बङ्गलादेश ४. श्रीलङ्का ५. पाकिस्तान ६. कतार ७. दक्षिण कोरिया ८. नर्वे ९. थाइल्यान्ड १०. अस्ट्रिया ११. मौरिसस

**१४. मलेसियामा सुल्तान अब्दुल्लाह अहमद शाह नयाँ राजाका रूपमा कहिले निर्वाचित हुनुभयो ?**
✍ सन् २०१९ जनवरी २४

**१५. अन्तर्राष्ट्रिय मातृभाषा दिवस कहिले मनाइन्छ ?**
✍ फेब्रुअरी २१
- सन् २०२० मा यो दिवस 'ल्याङ्वेज विथआउट बोर्डर' नाराका साथ मनाइएको ।
- यो दिवस सन् २००० देखि मनाउन थालिएको ।

**१६. नेपालमा दोस्रोपटक प्रदेश प्रमुखहरूको नियुक्ति कहिले गरियो ?**
✍ विसं २०७६ कात्तिक १८

**१७. हाल नेपाल राष्ट्र बैङ्कको गभर्नर को हुनुहुन्छ ?**
✍ महाप्रसाद अधिकारी
- मन्त्रिपरिषद्को २०७६ चैत २४ को बैठकले अधिकारीलाई पाँच वर्षका लागि १७औँ गभर्नरका रूपमा नियुक्त गरेको ।

**१८. लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको निशान छापमा समेट्नेसम्बन्धी संविधान संशोधन विधेयक राष्ट्रपतिद्वारा कहिले प्रमाणीकरण भएको हो ?**
✍ विसं २०७७ असार ४

**१९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भू–भाग समेटिएको नयाँ नक्सा कहिले सार्वजनिक गरेको हो ?**
✍ विसं २०७७ जेठ ७
- १८१६ मार्च ४ को सुगौली सन्धिअनुसार नेपालले पश्चिम सीमाबिन्दु लिम्पियाधुरासम्मको भू–भाग नयाँ नक्सामा समावेश गरिएको ।




- सरकारले आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा अतिक्रमित भूमि समावेश गरेर नयाँ नक्सा सार्वजनिक गर्ने बताएको थियो ।
- २०७७ जेठ ४ मा बसेको मन्त्रिपरिषद् बैठकले नेपालको अद्यावधिक नक्सा स्वीकृत गरी लागू गर्ने निर्णय गरेको थियो ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालद्वारा नेपालको नयाँ नक्सा (राजनीतिक र प्रशासनिक) सार्वजनिक गरिएको ।

**२०. सन् २०२० को पुलिटजर पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ अमेरिकी लेखक कोल्सन ह्वाइटहेड

**२१. कोरोना परीक्षणमा प्रयोग हुने विधि आरडीटीको पूरा रूप र्‍यापिड डाइग्नोस्टिक टेस्ट हो भने पीसीआरको पूरा रूप के हो ?**
✍ पोलिमर्स चेन रिएक्सन

**२२. बाहिरी जीवाणुबाट शरीरलाई बचाउनका लागि प्रयोग गरिने सामग्री पीपीईको पूरा रूप के हो ?**
✍ पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (व्यक्तिगत सुरक्षा उपकरण)

**२३. कोभिड–१९ विरुद्ध अग्रपङ्तिमा खटिएका संसारका उत्कृष्ट पाँच महिलाको सूचीमा पर्न सफल नेपाली चिकित्सक को हो ?**
✍ डा. रुना झा (निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला)
- ('युएन विमेन'ले उहाँलाई सो सूचीमा समावेश गरेको ।)

**२४. अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस कहिलेदेखि मनाउन थालिएको हो ?**
✍ सन् २००९
- विश्वमै लोपोन्मुख अवस्थामा पुग्न लागेपछि यसको संरक्षणमा सहभागिता जुटाउन गिद्ध सचेतना दिवस मनाउन थालिएको ।
- सिनो खाएर वातावरण सफा गर्ने भएकाले गिद्धलाई प्रकृतिको कुचीकार भनी चिनिने ।
- विश्वमा २३ प्रजाति र दक्षिण एसियामा ९ प्रजातिका गिद्ध पाइने ।
- नेपालमा गिद्ध संरक्षणका लागि गिद्धलाई शुद्ध आहारा उपलब्ध गराउन देशभर आधा दर्जनभन्दा बढी स्थानमा जटायु रेस्टुरेन्ट सञ्चालनमा ल्याइएको ।

**२५. नेपाल सरकारले कहिलेदेखि अङ्ग्रेजी भाषासमेत प्रयोग गरी नयाँ ढाँचाको नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरेको छ ?**
✍ विसं २०६६ मङ्सिर १ गते
- (यसअघि नेपाली भाषामा मात्र नागरिकता दिइन्थ्यो ।)

**२६. पर्वतको कुश्मादेखि बागलुङको बलेवा जोड्ने कालीगण्डकी नदीमाथि निर्मित एसियाकै पहिलो तथा विश्वकै दोस्रो अग्लो बन्जी जम्पको उद्घाटन कहिले गरिएको हो ?**
✍ विसं २०७६ माघ १६
- (सो बन्जीजम्प २२८ मिटर उचाइको रहेको ।)

**२७. नेपालमा पहिलोपटक राष्ट्रिय जनस्वास्थ्य सर्वेक्षण कहिले गरियो ?**
✍ सन् १९९६

**२८. नेपालमा चिनियाँ इन्टरनेट कहिलेदेखि सञ्चालनमा आएको हो ?**
✍ विसं २०७४ पुस २८
- स्थलमार्गबाट रसुवा हुँदै अप्टिकल फाइबरमार्फत इन्टरनेट कनेक्सन जोडिएको ।
- अब विश्व परिवेशमा नेपालको सूचना मार्ग भारत र चीन दुवैतिरबाट सम्भव भएको ।

**२९. नेपाल वायुसेवा निगमले इतिहासमै पहिलोपटक वाइड बडी जहाज कहिले भित्र्याएको हो ?**
✍ विसं २०७५ असार १४

**३०. नेपाल–भारत प्रबुद्ध समूहमा नेपालतर्फबाट संयोजकको जिम्मेवारी कसलाई दिइएको हो ?**
✍ डा. भेषबहादुर थापा (भारततर्फबाट भगतसिंह कोसियारी)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## • विषयगत प्रश्नोत्तर

# सामाजिक विकृति निराकरणका उपाय



**१. नेपालको संविधानमा राष्ट्रिय महिला आयोगको गठन कसरी हुने व्यवस्था छ ?**

✍ नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोग गठनसम्बन्धी व्यवस्था छ । जसअनुसार एक राष्ट्रिय महिला आयोग रहने, जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहने व्यवस्था छ । संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिले गर्ने, आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ । यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति नहुने तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिने र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने व्यवस्था छ । राष्ट्रिय महिला आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ, छानबिन गर्ने तथा कुनै विषयको अध्ययन, अन्वेषण गरी राय, मन्तव्य, सिफारिस पेस गर्ने पदमा नियुक्त भई काम गर्न बाधा नपुऱ्याउने व्यवस्था छ ।

**२. प्रतिलिपि अधिकार भनेको के हो ? लेख्नुहोस् ।**

✍ मानव हितका लागि मौलिक एवम् बौद्धिक रूपले सिर्जना गरिएका रचना, प्रस्तुति एवम् प्रसारणमा स्रष्टालाई कानुनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । यसमा स्रष्टाको सिर्जनामा प्रतिलिपि अधिकार संरक्षण हुन्छ । स्रष्टा तथा साधकहरूको असीमित कल्पना, गहन सोचाइ र निरन्तर बौद्धिक प्रयासबाट मात्र सिर्जनाको उत्पत्ति हुने हुँदा स्रष्टाहरूको सिर्जनामाथिको आर्थिक र नैतिक अधिकारको सुनिश्चितता प्रदान गर्न यसले मद्दत गर्दछ । बौद्धिक सम्पत्तिका दुई हाँगामध्ये एउटा प्रतिलिपि अधिकार हो र अर्को औद्योगिक सम्पत्ति अधिकार हो । औद्योगिक सम्पत्ति अधिकारअन्तर्गत आविष्कारमूलक कामका लागि पेटेन्ट अधिकार, वस्तुको मौलिक डिजाइनको संरक्षणका लागि डिजाइन अधिकार र वस्तु तथा सेवाहरूलाई अरूको भन्दा फरक देखाउन र चिनाउन उत्पादकले प्रयोग गर्ने चिह्नहरूको संरक्षणका लागि ट्रेडमार्क अधिकार पर्दछन् । प्रतिलिपि अधिकार स्वतः प्राप्त हुन्छ, दर्ता गर्नुपर्दैन तर प्रमाण पुऱ्याउन सजिलोका लागि स्वेच्छिक रूपमा दर्ता गराउन सकिने व्यवस्था छ । प्रतिलिपि अधिकार सङ्केत गर्न © चिह्न प्रयोग गर्ने चलन पनि छ ।

नेपालले स्रष्टाहरूको सिर्जनाको संरक्षण गर्न प्रतिलिपि अधिकार संरक्षणसम्बन्धी कानुनको प्रमुख आधारका रूपमा रहेको सन् १९८६ को बर्न महासन्धि अनुमोदन गरेको छ । विश्व बौद्धिक सम्पत्ति सङ्गठन एवम् विश्व व्यापार सङ्गठनको सदस्य भएको छ । प्रतिलिपि अधिकार ऐन–२०५९ र प्रतिलिपि अधिकार नियमावली–२०६१ तर्जुमा गरी लागू गरिएको छ । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना गरिएको छ र पनि नेपालमा प्रतिलिपि अधिकारको सचेतना एवम् संरक्षण व्यवस्थित हुन सकेको पाइँदैन ।

**३. नेपालको सन्दर्भमा सामाजिक विकृतिहरूको निराकरणका प्रमुख उपायहरूबारे लेख्नुहोस् ।**

✍ सामाजिक विकृति समाज विकासका अवरोध हुन्, सामाजिक रोग हुन् । नेपालमा खासगरी छुवाछूत, दाइजो, लागूपदार्थ दुर्व्यसन, बालश्रम शोषण, चेलीबेटी बेचविखन, भ्रष्टाचार, अन्धविश्वास, देउकी, झुमा, कमैया, छाउपडीजस्ता सामाजिक विकृतिहरू देखिएको पाइन्छ । नेपालमा यस्ता विकृति मूलतः गरिबी र अशिक्षाका कारण भएको पाइन्छ । यसका लागि रोजगारीको सिर्जना तथा शिक्षा र जनचेतनाको विस्तार गरी यिनको निराकरण गर्नुपर्दछ, यसका अरू उपायहरू निम्न छन् :
- लैङ्गिक विभेद एवम् असमानता कम गर्ने,
- महिलामाथि हुने हिंसा घरदेखि अन्त्य गर्ने,
- दुर्गम सुगम सबै स्थानमा महिला शिक्षा तथा प्रौढ शिक्षामा जोड दिने,
- संविधान, ऐन नियम कानुनले महिलालाई दिएका हक अधिकारहरू जानकारी गराउने र तिनको पालना गर्ने, गराउने,
- हिंसापीडित महिलाको उद्धार र पुनःस्थापनाका लागि पर्याप्त स्रोत–साधनको व्यवस्था गर्ने,
- दाइजो, छुवाछूतजस्ता विकृति हटाउन सामाजिक अभियान सञ्चालन गर्ने,
- गरिबोन्मुख आर्थिक सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,
- समाज सुधारका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ–संस्थाबीच समन्वय कायम गर्ने,
- कानुनविपरीत कार्य गर्नेलाई कडा कारबाही गर्ने ।

**४. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् ।**

✍ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन–२०७१ मा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्थालगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीका लागि सिफारिस गर्ने कामसमेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रूपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था छ । उक्त ऐनअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम छ :
- मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित तथा पीडकको यकिन गर्ने,
- पीडक र पीडितबीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,
- मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीका लागि सिफारिस गर्ने,
- पीडितलाई तोकिएबमोजिमको परिचयपत्र तथा छानबिनपछिको जानकारी उपलब्ध गराउने,
- ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

# सङ्घीयता कार्यान्वयनमा निजामती सेवा



**पुण्यप्रसाद ढकाल**

निजामती सेवा सरकारी सेवाको मियो हो । यसै सेवाअन्तर्गत रहेर राज्यका अन्य सेवा सञ्चालित रहन्छन् । यस्तो महत्त्वपूर्ण सेवा सञ्चालन गर्ने निजामती कर्मचारीहरूको योग्यताका आधारमा छनोट नियुक्ति तथा पदस्थापन गरी कानुनद्वारा निर्दिष्ट सेवा सर्तका आधारमा विधिसम्मत रूपमा सञ्चालन तथा व्यवस्थापन गरिनुपर्छ । सेवाशर्त कानुनका आधारमा र सञ्चालन सरकारको नीति, निर्देशन र कार्यक्रमको आधारमा हुनुपर्दछ । त्यसैले निर्धारित सङ्गठन संरचना र कार्यप्रकृतिको अधीनमा रही प्रभावकारी रूपमा कार्यसम्पादन गर्न निजामती सेवामा विभिन्न सेवा समूहको व्यवस्था गरी कर्मचारीलाई उसको विशेषज्ञता र क्षमताको उपयोग गर्ने व्यवस्था गरिएको हुन्छ ।

तीनवटै तहमा निर्वाचन सम्पन्न भई राजनीतिक सङ्घीयताले मूर्तरूप लिएको अवस्था छ । यद्यपि सङ्घीय संरचनामा रहेको निजामती सेवाका कर्मचारीलाई तीन तहको सरकारमा समायोजन गर्ने कार्य सकसपूर्ण रह्यो । जसको असर अहिलेसम्म पनि परिरहेको छ । यसको मुख्य कारण समायोजनपूर्व निजामती सेवा ऐन जारी नगरिनु हो । सङ्घीय संरचनामा रहेका निजामती कर्मचारीलाई तीन तहमा समायोजन गर्दा उनीहरूको सेवाशर्त के हुने भन्ने कुरामै अन्योल रह्यो । प्रस्तावित सङ्घीय निजामती सेवा ऐन सङ्घीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिबाट विवादबीच पारित भएको छ । कर्मचारी समायोजन गरिएको दुई वर्ष भइसक्दासम्म सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन । जसका कारण प्रदेश निजामती सेवा ऐन तथा स्थानीय कर्मचारी प्रशासनसम्बन्धी ऐन जारी हुन सकेको छैन । विभिन्न स्वार्थ समूहको दबाब, प्रभाव र स्वार्थका कारण निजामती सेवा ऐन जारी गर्न कठिनाइ भएको देखिन्छ । सङ्घीय निजामती सेवा ऐन जारी गर्दा कुनै व्यक्ति वा समूहको स्वार्थ दबाब र प्रभावमा नभई राष्ट्रिय एवं संस्थागत हितलाई केन्द्रबिन्दुमा राखी जारी गर्नुपर्ने देखिन्छ । निजामती सेवामा विशिष्टीकरण र व्यावसायिकता कायम गरी सेवा समूहको अवधारणा स्पष्ट कायम गरिनुपर्छ । जो जुन सेवामा रहेर विशिष्ट अनुभव हासिल गर्छ उसलाई अन्य सेवामा लैजाँदा उसको विशिष्ट ज्ञान र अनुभव खेर जान्छ । तसर्थ सेवा समूहलाई कसैको सीमित लाभका लागि नभई मुलुकको लाभलाई केन्द्रबिन्दुमा राखी गठन गरिनुपर्दछ । सङ्घीय संरचनाबमोजिम तीन तहको सरकारको सक्रियता, संविधानले दिएको एकल र साझा अधिकारको प्रयोग र प्रभावकारी रूपमा आआफ्नो तहले सम्पादन गर्ने नियमित आकस्मिक र विकासात्मक कार्यमा समेत निजामती सेवा ऐनविना गरिएको समायोजनले नकारात्मक असर परिरहेको छ ।

> निजामती सेवामा विशिष्टीकरण र व्यावसायिकता कायम गरी सेवा समूहको अवधारणा स्पष्ट कायम गरिनुपर्छ ।

कर्मचारीहरूमा आफू कुन सेवाशर्तका आधारमा सञ्चालित छु भन्नेसमेत अन्योल छ । स्थानीय तहहरूमा कर्मचारी नियुक्ति गरियो तर उनीहरूको नियुक्ति हुँदाका बखत कुनै सेवाशर्त तोकिएको छैन । पछि बन्ने कानुनबमोजिमको सेवाशर्त कायम हुनेगरी उधारो सम्झौताले कर्मचारीको स्थायी नियुक्ति गर्नु पनि सिद्धान्ततः उपयुक्त मानिँदैन । यसरी हेर्दा समायोजन भएर जाने कर्मचारीको प्रदेश र स्थानीय तहमा के कस्तो सेवाशर्त छ भन्ने अन्योल हुँदाहुँदै समायोजन गरियो । नयाँ नियुक्ति गरिएका स्थानीय तहका कर्मचारीलाई उधारो सेवाशर्त त्यो पनि कानुनविनाको सेवाशर्त रह्यो । जसका कारण निजामती सेवा र कर्मचारीतन्त्र अन्योलको भुमरीमा परिरहेको छ ।

यस्तो जटिल अवस्था हुँदाहुँदै पनि कर्मचारी सरकारका तीनवटै तहमा खटिएर कार्यसम्पादन गरिरहेका छन् । देश समृद्धिको यात्रामा बढ्नका लागि दुई प्रमुख आधार पहिलो, रूपान्तरित शासन पद्धति अनुरूपका विधि निर्माण र दोस्रो, विधिलाई सकारात्मक कार्यान्वयनमा सम्पादन गर्नु हो । स्थानीय तहमा केही कर्मचारीको पदपूर्ति गरिए पनि प्रदेश तहमा कर्मचारी भर्ना गर्न सकिएको छैन । यस्तो अवस्थामा सङ्घबाट समायोजन भएका तथा खटिएका कर्मचारीहरूले प्रदेश सरकारको नीति योजना तथा कार्यक्रमको कार्यान्वयन तथा सेवाप्रवाह गरिरहेका छन् । आफ्नो सेवा शर्तसम्बन्धी कानुन नहुँदा वृत्तिविकासको प्रावधान कस्तो हुने, अन्य सेवा र उत्प्रेरणाको पक्ष कस्तो हुने भन्ने विषय अमूक रहँदा कर्मचारीको मनोबल उच्च हुनसकेको छैन ।

सङ्घीयता कार्यान्वयनका लागि सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना सरकारले निर्माण गऱ्यो । जसमा तीनवटै तहको साङ्गठनिक संरचना, शिक्षा विकास तथा समन्वय, जनशक्ति, सम्पत्ति तथा पूर्वाधार, कानुन, मापदण्ड वा कार्यविधि, प्राकृतिक स्रोत बजेट व्यवस्थापन लगायतका विषयलाई सहजीकरण गर्ने गरी कार्ययोजना तय गरिएको थियो । विभिन्न कानुन बनाएर सङ्घीयता कार्यान्वयनको आधार तयार गरिँदासमेत सोचेजस्तो काम गर्न नसकेको गुनासा आएका छन् । प्रदेशले काम गर्न नसक्दा केन्द्रमुखी सोच र व्यवहार मुख्य कारण रहेको र कर्मचारी व्यवस्थापनसमेत चुनौतीका रूपमा पाइन्छ । यसको कारण सङ्घीय निजामती सेवा ऐन नआउनु हो । तसर्थ संविधानले परिकल्पना गरेको तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्थालाई मूर्तरूप दिन र सङ्घीयतालाई नागरिकमैत्री तवरले कार्यान्वयनमा लैजान उच्च मनोबलयुक्त कर्मचारीको व्यवस्था जरुरी छ ।

सङ्घीयतालाई थप प्रभावकारी बनाउन प्रदेश र स्थानीय सरकारको कमजोर संस्थागत क्षमतालाई बलियो बनाउनुपर्ने र प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको सशक्तीकरण गरिनुपर्छ । यसैगरी तीनवटै तहमा राजनीति र प्रशासनको स्पष्ट कार्यक्षेत्र तय गरी दुवैले एक अर्काको काममा हस्तक्षेप नगरी समन्वय र विश्वासका आधारमा निजामती प्रशासन सञ्चालन गर्न राजनीतिज्ञहरू समेत प्रतिबद्ध हुनुपर्ने देखिन्छ । त्यस्तै प्रदेश र स्थानीय तहको विकासको कार्यक्षेत्र थप सरल बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारी सेवा सञ्चालनसम्बन्धी ऐन जारी हुनु आवश्यक छ । सङ्घीय निजामती सेवा ऐन जारी भएमा यसैलाई मार्गदर्शक ऐनका रूपमा लिई प्रदेश निजामती सेवा ऐन र स्थानीय कर्मचारी प्रशासन ऐन बन्ने बाटो खुल्छ । सङ्घीयतालाई व्यवहारमा रूपान्तरण गर्न, प्रभावकारी रूपमा संविधानप्रदत्त अधिकार तीनै तहमा उपयोग गरी नागरिकलाई सरकारको अनुभूति दिलाउन र सरकारको नीति, कार्यक्रम र योजना कार्यान्वयन गरी प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने संयन्त्र कर्मचारी भएकाले सङ्घीय निजामती सेवा ऐन जारी हुनु जरुरी छ । सङ्घीयतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न उच्च मनोलबयुक्त, विशेषज्ञता हासिल गरेका कर्मचारी तयार गरिनुपर्ने त्यसका लागि कुनै सेवा समूहको वृत्ति विकासमा नकारात्मक असर नपर्ने र सबै सेवा समूहमा वृत्ति विकासको पथ उच्च मनोबलयुक्त हुने गरी निजामी सेवा ऐन जारी गरिनुपर्दछ । ■

**(लेखक नेपाल सरकारका उपसचिव हुनुहुन्छ ।)**

QUESTION BANK NEPAL